# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः२०८०।०८१
चलानी नं.: ४८३५

मितिः२०८०।११।०६

**विषयः निर्णय प्रतिलिपि पठाइएको सम्बन्धमा।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरवार, काठमाण्डौ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक।
श्रीमान् प्रमुखज्यू/श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका।
श्री वडा अध्यक्षज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री कार्यपालिका सदस्यज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका।
बनेपा नगरपालिका।
श्री ................................ शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८० माघ २८ गते बसेको कार्यपालिका बैठकको निर्णय प्रतिलिपि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

**कार्यार्थ**
श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका।
- वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने।

...................
भोला प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : ३८

आज मिति २०८० साल माघ २८ गते आइतबार दिनको १:०० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु गरेको छ ।

## -:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | का.वा. सदस्य (वडा नं. २) | श्री साधुराम घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | अनुपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा. सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | अनुपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रबहादुर खड्का | उपस्थित |
| १३ | का.वा. सदस्य (वडा नं. ११) | श्री प्रतापकुमार तामाङ | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | अनुपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | अनुपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाईं | उपस्थित |
| २६ | प्रशासकीय अधिकृत | श्री ध्रुवराज नेपाल | उपस्थित |

छलफलका विषयहरुः

१. बृहत काभ्रे कृषि महोत्सव-२०८० सम्बन्धमा,

२. विविध ।

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

-::निर्णय::-

| नि.नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| १. | गत बैठकको निर्णय समीक्षा सम्बन्धमा | बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०।१०।२१ मा भएको बैठकको कार्य प्रगतिका सम्बन्धमा समीक्षा गरियो । |
| २. | बृहत काभ्रे कृषि महोत्सव-२०८० सम्बन्धमा | जिल्ला समन्वय समिति काभ्रेको अग्रसरतामा बनेपा नगरपालिका समेत आयोजक रही बनेपामा आयोजना गर्न लागिएको बृहत काभ्रे कृषि महोत्सवका सम्बन्धमा छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।<br>(१) महोत्सव भव्यताका साथ सम्पन्न गर्न बनेपा नगरपालिकाले महोत्सव आयोजक मूल समारोह समितिका नाममा उद्योग, व्यापार तथा व्यवसाय शीर्षकमा विनियोजित रु. १०,००,०००। र विविध शीर्षकबाट रु. ५,००,०००। गरी जम्मा रु. १५,००,०००। उपलब्ध गराउने ।<br>(२) बनेपा नगरपालिकाले उपलब्ध गराएको उल्लेखित रकम भित्रबाट नै खर्च हुने गरी बनेपा नगरपालिकाका लागि १६ वटा स्टल बनेपा नगरपालिकाका लागि निशुल्क उपलब्ध गराउनु पर्ने ।<br>(३) महोत्सव भव्यताका साथ सम्पन्न गर्न बनेपा नगरपालिका क्षेत्रभित्रका कृषकहरुमा सूचना सम्प्रेषण गर्ने, प्रचार प्रसार गर्ने तथा महोत्सवमा अधिकाधिक सहभागिताको वातावरण निर्माण गर्ने । |
| ३. | विविध | |
| (क) | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र सम्बन्धमा | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. ६ को मिति २०८०।१०।२६, च.नं. ४२०७३ को पत्रानुसार घुस/रिसवत लिई भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको यस आयोगमा दर्ता भएको उजुरी निवेदनको सम्बन्धमा अनुसन्धान कार्य सम्पन्न गरी यस आयोगको मिति २०८०।१०।२४ गतेको निर्णयानुसार मिति २०८०।१०।२६ तगे सम्मानित विशेष अदालत बबरमहल, काठमाण्डौमा "घुस/रिसवत लिई भ्रष्टाचार गरेको" शीर्षकको मुद्दा दर्ता नं. ०८०-ऋच-०१०१ मा मुद्दा दायर गरिएकोमा उक्त मुद्दाका प्रतिवादी जिल्ला काभ्रेपलाञ्चोक बनेपा नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष वर्ष ४२ का नृपेश बादे (८५३३७ काभ्रेपलाञ्चोक) रहेको र निज सार्वजनिक पद धारण गरेको व्यक्ति भएकोले निज नृपेश बादे अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १७ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३३ बमोजिम स्वतः निलम्बन रहेने हुँदा सोही व्यहोरा जानकारी एवं आवश्यक कार्यार्थ अनुरोध गरिएको छ । साथै, सोको जानकारी निज नृपेश बादेलाई दिई यस आयोगमा समेत जानकारी दिन हुन भनि लेखि आएका सम्बन्धमा छलफल हुँदा पत्रानुसार निज नृपेश वादेको घर ठेगानामा पत्रको व्यहोरा जानकारी गराई सोको बोधार्थ बनेपा नगरपालिका वडा नं. ९ को कार्यालयका सार्थ अन्य सम्बन्धित निकायमा गराउने निर्णय गरियो । |
| (ख) | आदर्श बाल विकास केन्द्र, बनेपाको भवन निर्माण सम्बन्धी कामको बैंक खाता फुकुवा सम्बन्धमा, | बनेपा नगरपालिका वडा नं. ९ मा रहेको आदर्श बाल विकास केन्द्र लाई प्रदेश स्तरीय विशेष शिक्षा आवासीय विद्यालयको रुपमा विकास गर्ने उद्देश्यले क्रमागत रुपमा संघीय सशर्त अनुदान अन्तर्गत निर्माणाधिन भवनको तेस्रो फेजका लागि बजेट विनियोजन भएको र विनियोजित रकमबाट ठेक्का बन्दोबस्त मार्फत निर्माणको कार्य सञ्चालन भई रहेको हुँदा यस कार्यालयको अनुरोधमा राष्ट्रिय वाणिज्य बैंक, धुलिखेल शाखामा रोक्का रहेको उक्त विद्यालयलाई प्राप्त भएको रकम फुकुवा गरी खर्च गर्ने व्यवस्था हुन उक्त बैंकलाई अनुरोध गर्ने निर्णय गरियो । |

बनेपा नगरपालिका

<table>
<tr><th>नि.नं.</th><th>छलफलका विषय</th><th>निर्णय</th></tr>
<tr><td>(ग)</td><td>~~योजना~~ योजना संसोधन सम्बन्धमा</td><td>बनेपा नगरपालिका वडा नं. ११ बाट लेखि आए बमोजिम उक्त वडा अन्तर्गत स्वीकत तपसिल बमोजिमका योजनाहरु संसोधन गर्ने निर्णय गरियो ।
<table>
<tr><th rowspan="2">क्र.सं.</th><th colspan="2">स्वीकृत योजनाको विवरण</th><th colspan="2">संसोधित योजनाको विवरण</th></tr>
<tr><th>नाम</th><th>विनियोजित रकम रु</th><th>नाम</th><th>विनियोजित रकम रु</th></tr>
<tr><td>१</td><td>नागीडाँडा पिकनिक स्पोष्ट पार्क</td><td>१५,००,०००।</td><td>वडा कार्यालय पार्क निर्माण</td><td>१५,००,०००।</td></tr>
<tr><td>२.</td><td>अपाङ्ग अस्पताल मोटरबाटो निर्माण</td><td>२५,००,०००।</td><td>अपाङ्ग, वडा कार्यालय शान्तिपार्क भुतेढुङ्गा मोटरबाटो ढलान</td><td>२५,००,०००।</td></tr>
</table></td></tr>
<tr><td>(घ)</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि योजना स्वीकृत गर्ने सम्बन्धमा</td><td>चालु आ.व. २०८०।०८१ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम शीर्षकमा तपसिल बमोजिमका योजना थप गर्ने निर्णय गरियो ।
<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>वडा नं.</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>पिकनिक स्पोर्ट सिंडी भूक्षय रोकथाम</td><td>६</td><td></td></tr>
<tr><td>२.</td><td>पुण्यमाता नदी फोहोर व्यवस्थापन एवं सरसफाई</td><td>८</td><td></td></tr>
</table></td></tr>
<tr><td>(ङ)</td><td>आर्थिक सहयोग सम्बन्धमा</td><td>देहायका व्यक्ति/संस्थाले तपसिल बमोजिमका प्रयोजनमा आर्थिक सहयोग माग गरि दिएका निवेदन उपर छलफल गर्दा देहाय बमोजिम आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
<table>
<tr><th>क्र.सं.</th><th>व्यक्ति/संस्थाको नाम</th><th>ठेगाना</th><th>प्रयोजन</th><th>रकम रु.</th></tr>
<tr><td>१.</td><td>श्री विष्णु मिजार</td><td>बनेपा १</td><td>मृगौला रोगको उपचार</td><td>२०,०००।</td></tr>
<tr><td>२.</td><td>श्री होमबहादुर तामाङ्ग</td><td>बनेपा ११</td><td>रुखबाट लडी उपचाररत</td><td>२०,०००।</td></tr>
</table></td></tr>
</table>

प्रमुख प्रशासकीय अधिकृत

उपप्रमुख

प्रमुख

आज मिति २०८० साल माघ २८ गते आइतबार दिनको १:०० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु गरेको छ ।

## -:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | |
| ४ | सदस्य (वडा नं. २) | ~~श्री रामप्रसाद घिमिरे~~ का.वा. बाबुराम घिमिरे | |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | |
| ११ | का.वा. सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रबहादुर खड्का | |
| १३ | का.वा. सदस्य (वडा नं. ११) | श्री प्रताप कुमार तामाङ | |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | |
| १८ | सदस्य | श्री समिता थापा | |
| १९ | सदस्य | श्री ज्योति बोगटी | |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | |
| २३ | सदस्य | श्री कमला परियार | |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | |
| २५ | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाईं | |
| २६ | प्रशासकीय अधिकृत | श्री ध्रुवराज नेपाल | |